"शिवपुरी विकास र समृद्धिको आधार : शिक्षा, स्वास्थ, कृषि, पर्यटन र पूर्वाधार"

स्थानीय सरकार

# शिवपुरी गाउँपालिका

शेरावगर, नुवाकोट

बागमती प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्वन्धी सूचना !

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०८/२४)

यस शिवपुरी गाउँपालिकाको लागि आन्तरिक आयबाट सेवा सुविधा व्यवस्थापन गर्ने गरी करार सेवामा कर्मचारीहरु पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन आह्वान गरि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र (अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट) रित पूर्वक आवेदन फाराम भरि पेश गर्नु हुन जानकारीको लागि अनुरोध छ।

तपसिल

| विज्ञापन नं. | सेवा करारमा लिने पद | तह | सेवा | आवश्यक संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| ४/२०८२/०८३ | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं | करार | १ (एक) | १०००।- |
| ५/२०८२/०८३ | ल्याव टेक्निसियन | सहायकस्तर पाँचौं | करार | १ (एक) | ७००।- |
| ६/२०८२/०८३ | डेण्टल हाइजिनिष्ट | सहायकस्तर पाँचौं | करार | १ (एक) | ७००।- |

१. **शैक्षिक योग्यताः**

(क) **मेडिकल अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा MBBS वा सो सरह उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता वा नवीकरण भएको हुनु पर्नेछ।

(ख) **ल्याव टेक्निसियनः** मान्यता प्राप्त शिक्षाण संस्थाबाट हेल्थ ल्यावमा प्रमाणपत्र तह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षणसंस्थाबाट एस.एल.सी./एस.इ.इ. उत्तीर्ण गरी ल्याब टेक्निसियनको दुई वर्ष ६ महिनाको कोर्ष उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता वा नवीकरण भएको हुनु पर्नेछ।

(ग) **डेण्टल हाइजिनिष्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट डेण्टल हाइजिनिष्टमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता वा नवीकरण भएको हुनु पर्नेछ।

२. **उमेर हदः** दरखास्त दिने अन्तिम मिति सम्ममा अधिकृतस्तरको लागि २१ वर्ष पूरा भएको र सहायकस्तरको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) हुनु पर्नेछ।

३. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** दरखास्त फाराम साथ उम्मेदवारको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको लब्धाङ्क-पत्र र चारित्रिक प्रमाण-पत्रहरुको प्रतिलिपी, सम्बन्धित परिषद्मा दर्ता र नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपी, कार्य अनुभव भए अनुभवको प्रमाण-पत्रको प्रतिलिपी, तीन (३) प्रति पासपोर्ट साइजको फोटो, दस्तुर बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।दरखास्त फाराम साथ पेश गरिने सबै कागजातहरुको प्रत्येक पानाको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

४. **दरखास्त दिने स्थानः** शिवपुरी गाउँपालिकाको कार्यालय, शेरावगर, नुवाकोट ।

५. **आवेदन दिने अन्तिम मितिः** २०८२/०९/०९ गते कार्यालय समय भित्र ।

६. **आवेदन दस्तुरः** यस गाउँपालिकाको सानिमा बैंक लिमिटेड, शिवपुरी शाखामा रहेको खाताको नामः SHIVAPURI GA.PA.GA. 1.1 ANTARIK RAJASWO KHATA, खाता नं. ०६१०१००४००००००९ मा दाखिला गर्नु पर्नेछ।

७. **छनौटको किसिमः** अन्तर्वार्ता

८. **तलब स्केल तथा अन्य सुविधाः** नेपाल सरकारले स्थानीय तहको आठौं तहका कर्मचारीका लागि तोकि दिएको तलब सुविधा र नियमानुसार पाउने थप भत्ता सुविधा उपलब्ध हुनेछ ।

९. **सम्पर्क तथा परिक्षा मितिः** पछि प्रकाशित गरिनेछ ।

१०. **दरखास्त फारामः** यस कार्यालयको Website बाट Download तथा स्वयं उपस्थित भई गाउँपालिकाबाट प्राप्त गर्न सकिनेछ।

११. इ-मेल मार्फत पेश गरिएका कागजातहरुको हकमा सम्पर्क मिति अगावै आवश्यक सम्पूर्ण कागजात यस कार्यालयमा रुजु गराई सक्नु पर्नेछ ।

**नोटः थप जानकारीको लागिः पदपूर्ति समिति सदस्य सचिव श्री नारायण श्रेष्ठको मोवाइल नं. ९८४३८०४७५१ मा सम्पर्क गर्न सकिनेछ।**

संयोजक
पदपूर्ति समिति